# लिसंखु पाखर गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय

अत्तरपुर, सिन्धुपाल्चोक
३ नं. प्रदेश, नेपाल

प. सं. : ०७५/०७६
च. नं. : ३७७

मिति : २०७५/०७/२७

विषय : जानकारी सम्बन्धमा ।

श्री सबै वडा कार्यालय,

उपरोक्त सम्बन्धमा संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च. नं. १९७ मिति २०७५/०७/२६ को पत्रानुसार गुम्बा, विहार तथा स्तुपाहरुको पुननिर्माणका लागि पुन निर्माण गर्न लाग्ने रकमको ५० प्रतिशत नेपाल सरकार, राष्ट्रिय पुननिर्माण प्राधिकरणले अनुदानको रुपमा सम्बन्धित स्थानीय तहलाई रकम उपलब्ध गराउने र बाँकी ५० प्रतिशत रकम सम्बन्धित स्थानीय तह र गुम्बा, विहार तथा स्तुपा व्यवस्थापन समिति (उपभोक्ता समिति) ले जुटाउने व्यवस्था मिलाउने निर्णय भएको जानकारी गराई दिनुहुन भनि लेखि आएको हुँदा जानकारीको लागि अनुरोध छ । साथै उक्त पत्रको छायाँप्रति यसै पत्र साथ संलग्न छ ।

पूर्ण प्रसाद दुलाल
प्रमुख प्रशासकीय अधिकृत

बोधार्थः

१. श्रीमान् अध्यक्ष ज्यू : ध्यानाकर्षणको लागि ।
२. श्रीमान् उपाध्यक्ष ज्यू : ध्यानाकर्षणको लागि ।

सम्पर्क नं. : ०११-६९१११७, ०११-६९१११८, ईमेल : lisankhupakharmun@gmail.com, वेब पेज: www.lisankhupakharmun.gov.np

नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमाण्डौं

(योजना तथा अनुगमन शाखा)

फोन नं.: ४२००२८
२४००३२

पत्र संख्या: २०७५/०७६

चलानी नं: ९५६

मिति २०७५।०

बिषय: आवश्यक सहयोग बारे ।

श्री भुकम्प प्रभावित ३२ जिल्लाका महा/उप महा/नगरपालिकाहरु सबै

गाउँपालिकाहरु सबै ।

प्रस्तुत विषयमा राष्ट्रिय पुनर्निमाण प्राधिकरणको च.नं. ६९ मिति २०७५।०७।१९ को पत्रानुसार प्राधिकरणका प्रमुख कार्यकारी अधिकृत श्री सुशिल ज्ञावलीज्यूको अध्यक्षतामा मिति २०७५।०४।२५ बसेको बैठकको निर्णयानुसार गुम्बा, विहार तथा स्तुपाहरुको पुनर्निर्माणको लागि पुन निर्माण गर्न रकमको ५० प्रतिशत नेपाल सरकार, राष्ट्रिय पुनर्निमाण प्राधिकरणले अनुदानको रुपमा सम्बन्धित स्थ तह (गाउँपालिका वा नगरपालिका) लाई रकम उपलब्ध गराउने र बाँकी ५० प्रतिशत रकम सम्ब स्थानीय तह र गुम्बा, विहार तथा स्तुपा व्यवस्थापन समिति (उपभोक्ता समिति) ले जुटाउने व्य मिलाउने निर्णय भएको हुँदा भुकम्प प्रभावित जिल्लाहरुको गाउँपालिका/नगरपा (स्थानीय तह) लाई आवश्यक रकम व्यवस्थाको लागि जानकारी गराई दिनुहुन भनि लेखि आएको जानकारी एवं आवश्यक कारवाहीका लागि निर्णयानुसार अनुरोध गरिन्छ ।

(भूपेन्द्र रायमाझी)

शाखा अधिकृत

लिसंखु पाखर गाउँपालिका
सिन्धुपाल्चोक
दर्ता नं.: 806
दर्ता मिति: 2075/06/26

**बोधार्थ**

श्री राष्ट्रिय पुनर्निमा प्राधिकरण

सिंहदरबार, काठमाण्डौं ।

२०७५।०६।२५

निर्णयहरु:

१. पुरातात्विक महत्व बोकेका सय वर्ष भन्दा पुराना दुई सय पचास वटा तथा दुई हजार वर्ग फिट भन्दा बढी प्लिन्थ (Plinth) एरिया भएका क्षतिग्रस्त गुम्बा, विहार तथा स्तुपाहरुलाई पुनर्निर्माणका लागि सतप्रतिशत अनुदानको व्यवस्था गरी राष्ट्रिय पुनर्निर्माण प्राधिकरण, केन्द्रिय आयोजना कार्यान्वयन इकाई (अनुदान व्यवस्थापन तथा स्थानीय पूर्वाधार)को प्रत्यक्ष संलग्नतामा पुनर्निर्माण गर्न उपयुक्त हुने देखिएकाले PDRF को पुनरावलोकन गर्दा सोही बमोजिम समावेश गर्ने।

२. बाँकी गुम्बा, विहार तथा स्तुपाहरुको पुनर्निर्माणको हकमा भने पुनर्निर्माण गर्न लाग्ने रकमको ५० प्रतिशत नेपाल सरकार, राष्ट्रिय पुनर्निर्माण प्राधिकरणले अनुदानको रुपमा सम्बन्धित स्थानीय तह (गाउँपालिका वा नगरपालिका) लाई रकम उपलब्ध गराउने र बाँकी ५० प्रतिशत रकम सम्बन्धित स्थानीय तह र गुम्बा, विहार तथा स्तुपा व्यवस्थापन समिति (उपभोक्ता समिति) ले जुटाउने व्यवस्था मिलाउन उपयुक्त हुने।

३. माथि उल्लेख भएका कार्यहरु गर्न गुम्बा, विहार तथा स्तुपा पुनर्निर्माणको सम्बन्धमा यस अगाडि तयार गरी स्वीकृत गरिएको कार्यविधि आवश्यक परे परिमार्जन गर्ने र कार्यविधिले निर्दिष्ट गरे बमोजिम बौद्ध धर्म प्रवर्द्धन तथा गुम्बा विकास समिति (केन्द्रीय) को सहभागितामा CL-PIU (GMALI) ले एक निर्देशिका तयार गरी स्वीकृतिका लागि NRA मा पेश गर्ने।

४. बौद्ध धर्म, संस्कृति, रहनसहन, रितिरिवाज र परम्पराको संरक्षण, संवर्द्धन गर्ने एवं आर्थिक पुनःस्थापनाका कार्यक्रमहरु गर्ने सम्बन्धमा बौद्ध धर्म प्रवर्द्धन तथा गुम्बा विकास समितिको समेत सहभागितामा एक प्रस्ताव तर्जुमा गरी स्वीकृतिका लागि CL-PIU(GMALI) ले NRA मा पेश गर्ने।

५. यी माथिका कार्यक्रमहरु कार्यान्वयनका लागि आवश्यक पर्ने थप स्रोत साधन जुटाउ राष्ट्रिय पुनर्निर्माण प्राधिकरणको नेतृत्वमा बौद्ध धर्मावलम्बी एवं सम्प्रदायसँग मिले एकिकृत रुपमा पहल कदमी लिने।

२०७५।६।२५